# भूमिका

२०६१ साल असार १५ र १६ गते काठमाडौंमा भएको "वार्ताद्वारा राजनीतिक निकास : नेपाल, श्रीलङ्का तथा दक्षिण अफ्रिकाका अनुभव" विषयक छलफल तथा सार्वजनिक कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू, ती कार्यपत्रहरूमाथि गरिएका टिप्पणीहरू तथा सम्बन्धीत विभिन्न विषयहरूमा सहभागीहरूबीच भएका छलफलहरू यस पुस्तकमा सँगालिएका छन् । छलफल कार्यक्रममा पैंसट्ठी जनाको सहभागिता थियो भने सार्वजनिक कार्यक्रममा सवा दुई सय व्यक्तिहरू उपस्थित थिए । नेपाल दक्षिण एसिया केन्द्र, शान्तिका लागि साझा अभियान, मार्टिन चौतारी तथा इन्टरनेसनल आइडियाले मिलेर आयोजना गरेको सो कार्यक्रमका मोटामोटी तीनओटा उद्देश्यहरू थिए :

- वार्तासम्बन्धी केही अन्तर्राष्ट्रिय अनुभवहरूको आदान प्रदान गर्ने;
- वार्तासम्बन्धी राष्ट्रिय अनुभवहरूको समीक्षा गर्ने ;
- ती अनुभवबाट नेपालमा भविष्यमा हुने वार्ताका लागि सिक्नुपर्ने कुराहरूको पहिचान गर्ने ।

यो छलफल राज्य र माओवादीबीच भएका दुई असफल वार्ता प्रयत्नहरूको पृष्ठभूमिमा गरिएको थियो । देशमा चलिरहेको सशस्त्र द्वन्द्वले ज्यादै ठूलो मानवीय पीडा सिर्जना गरेको छ । यसैले वार्ताद्वारा राजनीतिक निकास अहिलेको अहम् आवश्यकता भएको छ । तर वार्ता सफल हुनका लागि विभिन्न कुराहरूले

असर पार्दछन् । यी कुराहरू हाम्रा आफ्नै विगतका प्रयत्नहरू तथा अरू ठाउँका अनुभवहरूबाट हामीले सिक्न सक्छौं । यो छलफलको एउटा मान्यता के थियो भने विभिन्न ठाउँका आ-आफ्नै विशिष्ट परिस्थितिहरू हुन्छन् र ती ठाउँका अनुभवहरूलाई नेपालमा जस्ताको तस्तै उतार्न सकिन्न । यसो हुँदाहुँदै पनि ती ठाउँका अनुभवहरूबाट सिक्न सकिने धेरै कुराहरू हुन्छन् । यो कुरा छलफलका सहभागीका विचारमा पनि देखिएको थियो ।

यो कार्यक्रम आयोजना गर्नमा धेरै व्यक्तिहरूले सहयोग पुऱ्याएका थिए । कार्यक्रमका स्रोत व्यक्तिहरू, टिप्पणीकर्ताहरू तथा सहभागीहरू धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी युवा अभियानका रविन सिटौलाले तयारीका क्रममा पुऱ्याएको सहयोगको लागि आभार व्यक्त गर्न चाहन्छौं । साथै शान्तिका लागि साझा अभियानका स्वयंसेवकहरूको सहयोगबिना पनि यो कार्यक्रम यति सफलताका साथ सम्पन्न हुने थिएन । धन्यवाद सबै स्वयंसेवकहरूलाई ।